# श्रम तथा रोजगार सम्बन्धी नीति, २०८०

लुम्बिनी प्रदेश सरकार

माघ, २०८०

लुम्बिनी प्रदेश सरकार

## श्रम तथा यातायात व्यवस्था मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), दाङ

# १ पृष्ठभूमि

लुम्विनी प्रदेशको श्रम बजारको माग र आपुर्ति सृङ्खलामा उचित सन्तुलन कायम गरी प्रदेशभित्रको श्रम तथा रोजगारीको मागलाई सम्वोधन गर्न, विगत केहि दशकदेखि स्वदेशमै उपयुक्त रोजगारीको वातावरण तयार गर्न नसक्दा बाध्यकारी वैदेशिक रोजगारीको अवस्था सृजना भएकोले सो को न्यूनिकरण गर्न तथा बढदो बौद्धिक पलायनलाई रोकि त्यस्ता नागरिकको ज्ञान, सिप, क्षमता र बिद्धतालाई अधिकतम उपयोग गर्ने गरी प्रदेशको विकास र सम्मृद्धीसंग सम्वन्धित आर्थिक विकास र नवप्रवर्धनात्मक क्रियाकलापहरु घनिभूत संख्यामा क्रियाशिल वनाउनुपर्ने आवस्यकता रहेको छ । यसका लागि प्रदेशभित्रका नागरिकको ज्ञान, सिप, क्षमता र बिद्धतामा उत्पादन र उत्पादकत्वसंग जोडि श्रमको सम्मान गर्ने तथा श्रमको उच्चतम मूल्य प्राप्त हुनसक्ने गरी नीति, कानून तथा प्रक्रियाहरुलाई परिलक्षित गर्नुपर्ने छ ।

देशको समग्र जनसङ्ख्याको अनुपातमा उत्पादनशील तथा सक्रिय जनसंख्याको अनुपात हेर्दा नेपाल हाल जनसाङ्ख्यिक लाभको अवस्थामा छ, यो अवस्था लामो समयको अन्तरालमा आउने गर्दछ र आगामी केही वर्षका लागिसमेत नेपालले उक्त सुविधा उपभोग गर्न पाउने अवस्था छ। नेपालको श्रम बजारमा बर्षेनी थपिने करिव ५ लाख श्रमयोग्य जनशक्तिमध्ये यस प्रदेशको हिस्सा लगभग ३० प्रतिशत रहेको छ। प्रदेशको श्रम बजारका सक्रिय जनशक्तिलाई सीपयुक्त तथा स्वावलम्बी बनाउँदै रोजगारी सिर्जना तथा बृद्धि गर्नु प्रदेश सरकारको प्रमूख प्राथमिकता हो। रोजगारी बृद्धि भनेको उत्पादन र उत्पादकत्व बृद्धिसँगै गाँसिएर आउने विषय हो। उत्पादन र रोजगारीबीचको सम्बन्ध प्रगाढ बन्दै जाँदामात्र रोजगारीको आधार मजबूत बन्न सक्दछ।

## १.१ ऐतिहाँसिक सन्दर्भ

नेपालको संविधान (२०७२) जारी भई नेपाल एक संघीय लोकतान्त्रीक गणतन्त्रात्मक मुलुकमा रुपान्तरण भएको छ ।संविधानले संघ, सात वटा प्रदेश र ७५३ वटा स्थानीय तहवाट राज्यशक्ति, अधिकार तथा स्रोतको प्रयोग हुनेगरी बाँडफाँड गरेको र सोही बमोजिमको राजनीतिक तथा प्रशासनीक पुनर्संरचना गरेको छ । संविधानको अनुसूची-७ (संघ र प्रदेशको साझा अधिकार सूची) भित्र "सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य" र "रोजगारी र बेरोजगार सहायता" भनी उल्लेख गरेको छ। साझा अधिकार सूचीमा भएको प्रदेशको अधिकारको प्रयोग गरी प्रदेशका नागरिकलाई संवैधानिक हक तथा अधिकारको प्रत्याभूति दिनेगरी श्रम तथा रोजगारीसंग सम्वन्धित बिषयहरुलाई संवोधन हुनेगरी आफ्नो छुट्टै नीति, कानून, योजना तथा कार्यविधिहरु तर्जुमा गरी लागू गर्नुपर्ने आवस्यकता छ ।

## १.२ वर्तमान अवस्थाको समिक्षा

- बि.सं. २०७८ को जनगणना अनुसार नेपालको कूल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेकोमा पुरुष १ करोड ४२ लाख ५३ हजार ५५१ (४८.९८), महिला १ करोड ४९ लाख ११ हजार २७ (५१.०२) र अन्य २९ सय २८ रहेको मा यस प्रदेशको जनसङ्ख्या ५१ लाख २२ हजार ७८ (१७.५६) रहेको छ। प्रदेशको कूल जनसंख्या ५१ लाख २२ हजार

७८ मध्ये पुरुष २४ लाख ५४ हजार ४ सय ८ (४७.९१), महिला २६ लाख ६८ हजार ६ सय ७०(५२.१०) रहेको छ। प्रदेशको औसत जनसङ्ख्या बृद्धिदर १.२४ प्रतिशत र लैंगिक अनुपात ९२.०१ प्रतिशत रहेको छ।

- ०६८ को जनगणनामा १७.०७ प्रतिशत शहरी जनसंख्या रहेको थियो भने ८२.९३ प्रतिशत ग्रामीण जनसंख्या रहेकोमा २०७८ को जनगणनामा आइपुग्दा नेपालको कूल शहरी जनसंख्या १ करोड ९२ लाख ९८ हजार २ सय एक (६६.१७) पुगेको छ भने यस प्रदेशको शहरी जनसंख्या २८ लाख २६ हजार ५ सय ८८ (५५.०२) पुगेको र ग्रामीण जनसंख्या २२ लाख ९५ हजार ४ सय ९५ (४४.०८) रहेको अवस्था छ। अक्सर गरेर शहरी जनसंख्या बृद्धि हुनुमा रोजगारी, ब्यापार व्यवसाय, अध्ययन/तालिम, विवाह, आश्रित परिवार, प्राकृतिक प्रकोप जस्ता कारण रहेका छन्।
- नेपालको कूल जनघनत्व १९८ जना प्रति वर्गकिलोमिटर रहेकोमा यस प्रदेशको जनघनत्व २३० प्रति वर्गकिमी रहेको छ भने नेपालको कूल परिवार संख्या ६६ लाख ६६ हजार ९ सय ३७ रहेकोमा यस प्रदेशको कूल घरपरिवार संख्या ११ लाख ४१ हजार ९ सय २ (१७.१०) रहेको छ। यसैगरी नेपालको परिवारको औषत आकार ४.३७ रहेकोमा यस प्रदेशको परिवारको औषत आकार ४.४९ प्रतिशत रहेको छ। यस प्रदेशको सबैभन्दा बढी परिवारको आकार भएको जिल्ला कपिलबस्तु (५.६०) र सबैभन्दा कम परिवारको औषत आकार भएको जिल्ला अर्घाखाँची (३.६५) रहेको छ।[1]
- प्रदेशभित्र पहाडी जिल्लाहरूमा जनसंख्याको आकार घट्दो र तराई तथा शहरी क्षेत्रमा बढ्दो रूपमा रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको जनसंख्या बृद्धिदरलाई विश्लेषण गर्दा पहाडी जिल्ला गुल्मीका सबै पालिकामा ऋणात्मकसहित (-१.२३), अर्घाखाँची जिल्लाको सन्धिखर्कबाहेक अन्य पालिकामा ऋणात्मकसहित (-१.०५), पाल्पा जिल्लाको तानसेन नगरपालिकाबाहेक अन्य पालिकामा ऋणात्मकसहित (-०.६१) र प्यूठान जिल्लाको झिमरुक, ऐरावती र मालारानी पालिकामा ऋणात्मक, दाङ जिल्लाको बंगलाचुली ऋणात्मक, रोल्पाको थवाङ ऋणात्मक, बर्दिया जिल्लाको गेरुवा पालिकामा ऋणात्मक रहेको देखिन्छ भने अन्य जिल्लाहरु क्रमश: रुपन्देही (२.३३), बाँके (१.९७), दाङ (१.९२), कपिलबस्तु (१.७०), नवलपरासी (१.४७), बर्दिया (०.७२), रुकुमपूर्व (०.६३), रोल्पा (०.४३), प्यूठान (०.१६) को धनात्मक जनसंख्या बृद्धिदर रहेको छ।
- प्रदेशभित्र सक्रिय जनसंख्यामध्ये जम्मा रोजगारमा संलग्न संख्या २६ लाख २५ हजार ९ सय २५ मध्ये अरुको काम गर्ने संख्या ६ लाख ८१ हजार २ सय ८१ जना (२५.९), रोजगारदाता ३३ हजार ४ सय ७२ जना (१.८), आफ्नै काम गर्ने १५ लाख १२ हजार ६ सय १० जना (५८.५), परिवारलाई सघाउनेमात्र ३ लाख ९५ हजार ५ सय ८८ जना (१३.४), कुनैपनि उल्लेख नभएको संख्या २ हजार ९ सय ७४ जना (०.४) रहेको र मुख्य कामको आधारमा सरकारी क्षेत्रमा ९१ हजार ४ सय २८ जना (३.०५), बित्तीय क्षेत्रमा १९ हजार ३ सय १७

[1] राष्ट्रिय जनगणना, २०७८ संक्षिप्त नतिजा

जना (०.७), गैरवित्तीय क्षेत्रमा ७ लाख ८९ हजार ३ सय ८५ जना (३०.१०), नाफा नकमाउने क्षेत्रमा ९ हजार ७४ जना (०.३), घरायसी क्षेत्रमा १ हजार ७ सय १३ जना (६५.२) र उल्लेख नभएको ३ सय ४२ जना (०.१) रहेको छ। प्रदेशमा अक्सर रोजगार संख्या १६ लाख २० हजार ६ सय ३३ जना भएकोमा पुरुष ९ लाख ९६ हजार १ सय ५१ (६१.४६) र महिला ७ लाख २४ हजार ४ सय ८२ जना (३८.५४) रहेको छ। अक्सर बेरोजगार संख्या १ लाख ५१ हजार ५ सय ७८ जनामा पुरुष ७८ हजार ७६ जना (५१.५०) र महिला ७३ हजार ५ सय २ जना (४८.४९) रहेको छ।[२]

- आर्थिक क्रियाकलापमा संलग्न जनसंख्यामध्ये पेशागत रुपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यमा दक्ष जनशक्तिहरु ५४ प्रतिशत र सामान्य वा प्राथमिक पेशाका कामदारहरु २२.७ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी काम गर्ने कामदारहरु ५.५ प्रतिशत, सेवा तथा बस्तु विक्री गर्ने कामदारहरु ४.६ प्रतिशत, व्यवस्थापकहरु ४.५ प्रतिशत, पेशाविद् ३.१ प्रतिशत, यन्त्र प्रचालक तथा जडान गर्ने कामदारहरु २.६ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरु १.३ प्रतिशत, कार्यालय सहायकहरु ०.९ प्रतिशत, सशर्त सैनिक अधिकारीहरु ०.५ प्रतिशत रहेका छन्।
- यस प्रदेशमा १० वर्षभन्दा बढी उमेरसमूहका क्रियाशील जनसंख्या ४१ लाख ८४ हजार २ सय ९९ रहेको जसमा पुरुष १९ लाख ६३ हजार ७ सय ८० जना र महिला २२ लाख २० हजार ५ सय १९ जना रहेको छ। जसमध्ये १० वर्षभन्दा बढी उमेर समूहका आर्थिक रुपले सक्रिय जनसंख्या २७ लाख ५२ हजार १९६ जना (६५.८) र कुनैपनि आर्थिक क्रियाकलापमा संलग्न नभएको जनसंख्या १४ लाख २० हजार ९ सय ७४ जना (३४.०) रहेको छ। जबकि सक्रिय वा निश्क्रिय अवस्था नखुलेका व्यक्तिहरुको संख्या ११ हजार १ सय २९ जना रहेको छ।
- लुम्बिनी प्रदेशमा १० वर्ष उमेरभन्दा बढीका व्यक्तिहरु आर्थिक काममा संलग्न नहुनुका कारणमा सबैभन्दा धेरै ४७.५ प्रतिशत विद्यार्थी भएको, घरधन्दा २१.७ प्रतिशत, बृद्ध अवस्था ११.० प्रतिशत, पारिवारिक हेरचाह ७.७ प्रतिशत, अशक्त विरामी २.५ प्रतिशत, पेन्सन आयस्था १.९ प्रतिशत, सामाजिक कार्य स्वयंसेवा ०.३ प्रतिशत र अन्य ७.१ प्रतिशत रहेको छ।
- प्रदेशभित्र कम्तिमा १ जना विदेशमा बसोबास गर्ने परिवार संख्या ३ लाख ८ हजार ७३ जना रहेको छ। लुम्बिनी प्रदेशको जनसंख्यामध्ये ४ लाख २० हजार ९ सय ६ जना (१९.२१) जना विदेशमा रहेको जसमा पुरुष ३ लाख ६७ हजार ६ सय ७० र महिला ५३ हजार २ सय ३६ रहेका छन्। विदेशमा रहनुको मुख्य कारणहरुमा ज्याला मज्दुरी, व्यापार व्यवसाय, अध्ययन तथा तालिम, जागिरको खोजी र आश्रित रहेको देखिन्छ।
- नेपालको कूल साक्षरता दर ७६.२ रहेकोमा पुरुषको साक्षरता दर ८३.६ र महिलाको यस प्रदेशको साक्षरता दर ७८.१ प्रतिशत रहेको छ जसमा पुरुष र महिलाको साक्षरता दर क्रमशः ८५.०२ र ७१.७ प्रतिशत रहेको छ।

[२] राष्ट्रिय जनगणना, २०७८ संक्षिप्त नतिजा

- मुलुकको जनसङ्ख्या बृद्धिका साथसाथै बर्षेनी करिव ५ लाखका दरले बजारमा थप श्रम शक्ति आउने गरेको छ। श्रम स्वीकृति लिएर बैदेशिक रोजगारीमा जानेको संख्या ६४ लाख नाघिसकेको छ। हाल दैनिक २५०० जना रोजगारका लागि विदेश जानेगरेको देखिन्छ। गत आ.व.मा मात्र लुम्बिनी प्रदेशबाट १,१३,५६१ जनाले श्रम स्वीकृति लिएको देखिन्छ।
- श्रमशक्तिका लागि पर्याप्त उत्पादनशील तथा आयमूलक रोजगारीका अवसरहरु सिर्जना हुन नसकेकाले श्रम आप्रवासनको प्रवृत्ति बढिरहेको छ। आ.व. २०७८।७९ मा मात्र विप्रेषण १० खर्ब ७ अर्ब रहेको छ। यो कूल ग्राहस्थ्य उत्पादनको अनुपातमा २१ प्रतिशत रहेको छ जुन विश्वकै उच्चमध्येको हो। प्रदेशको कूल ग्राहस्थ्य उत्पादनमा विप्रेषणको हिस्सा २० प्रतिशतको हाराहारिमा रहेको छ।
- नेपालमा विप्रेषण प्राप्त गर्नेगरेको घरपरिवार ५६ प्रतिशत रहेको र गरिवी न्यूनीकरण, शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा पहुँचमा बृद्धि, घरब्यवहारमा महिलाको नेतृत्व विकास भएको अवस्था छ भने अर्कोतर्फ वैदेशिक रोजगारीका कारण आन्तरिक बसाइसराई, अनुचित गर्भधारण र असुरक्षित गर्भपतन, सम्बन्ध विच्छेद र लैङ्गिक हिंसाको स्वरुपमा समेत परिवर्तन आएको छ।
- प्रदेशभित्र उपलब्ध खेतीयोग्य भूमिमा सिँचाईको प्रबन्ध गरी कृषि व्यवसाय प्रवर्द्धनको अतिरिक्त जलश्रोत, जडिबुटी, जङ्गल तथा पर्यटकीय स्थलहरुमा सरकारी तथा निजी क्षेत्रको लगानी बढाउन सके पर्याप्त मात्रामा आन्तरिक रोजगार प्रवर्द्धन हुनसक्ने देखिन्छ। श्रम बजारमा श्रमिकको माग हुँदाहुँदै पनि व्यावसायिक तथा सीप विकास तालिमका लागि संरचनागत व्यवस्थाहरु तथा सीप र शिक्षाबीच तालमेल हुन नसक्दा श्रमबजारको माग अनुसारको अनुकूल श्रमशक्ति आपूर्ति हुन सकिरहेको छैन। यी कुराहरुको व्यवस्था मिलाउन सके प्रदेशमा कृषि, पर्यटन र जलस्रोत क्षेत्रमा पर्याप्त रोजगार सिर्जना गर्न सकिने अवस्था देखिन्छ।

## १.३ समस्या, चूनौती र अवसर

लुम्बिनी प्रदेशमा श्रम तथा रोजगारसम्वन्धी नीति कार्यान्वयनमा बमोजिमको समस्या तथा चुनौती र अवसर देखिएको छ ।

### १.३.१ समस्या

- बेरोजगार जनशक्तिको यथार्थ तथ्याङ्कको अभाव,
- रोजगारीका संभाव्य क्षेत्रहरूको पहिचान हुन नसक्नु,
- श्रमिक तथा रोजगारदाताबीचको अन्तर्सम्बन्ध सुमधुर एवं सुव्यस्थित हुन नसक्नु,
- श्रमशक्तिलाई तालिम तथा क्षमता विकास सम्बन्धी संस्थागत व्यवस्था न्यून हुनु,
- सूचना प्रणालीको अभावको कारण श्रम बजारको व्यवस्थापन र नियमन प्रभावकारी हुन नसक्नु,
- सवै प्रतिष्ठानहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नसकिनु,
- कार्यक्षेत्रमा दोहोरोपना हुनु,
- आन्तरिक श्रम बजारमा दक्ष श्रम शक्तिको अभाव हुनु,

- व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी सचेतनाको अभाव।

### १.३.२ चुनौती

- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण श्रमव्यवस्थापन सम्बन्धी अधिकार, जिम्मेवारी र संस्थागत सरचना हस्तान्तरण,
- श्रमप्रशासन सम्बन्धी अन्तर सरकार/निकाय र संरचनाबीच समन्वयको कमी,
- प्रदेशभित्रै आकर्षक रोजगारीका अवसर एवं स्वरोजगारी सिर्जना,
- श्रमबजारको माग अनुसारको सीपयुक्त श्रमशक्ति उत्पादन,
- श्रमबजार एवं प्रविधिको क्षेत्रमा भएको तीव्र परिवर्तनसँगै सो अनुकूलित श्रमशक्ति उत्पादन र उपयोग गर्नु,
- तीव्र आन्तरिक बसाइसराईका कारण पहाड-तराई र गाँउ-शहरका बीच जनसांख्यिक सन्तुलन प्रभावित हुनु,
- कृषि तथा पशुपालन लगायत अन्य परंपरागत पेशाव्यवसायबाट पलायन हुने प्रबृत्ति रोक्नु,
- घरायसी एवं अनौपचारिक क्षेत्रमा कार्यरत महिला तथा अन्य श्रमशक्तिलाई औपचारिकीकरण गर्नु,
- प्रदेशभित्र असंगठित क्षेत्रको श्रमको व्यवस्थापन र लेखाजोखा तथा कार्यस्थल सुरक्षाको व्यवस्था मिलाउनु,
- बालश्रम तथा बाध्यकारी श्रम उन्मूलन गर्नु,
- हालको बैदेशिक रोजगारीको दरलाई आन्तरिक रोजगारीले प्रतिस्थापन गर्दै जानु,
- बैदेशिक रोजगारीमा गएका श्रमिकहरुलाई सामाजिक सुरक्षामा आवद्ध गर्नु,
- विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु,
- आर्थिक सिथिलता महामारी, विपद्, तथा प्रकोपजन्य स्थितिलाई सामना गरी श्रमिक र रोजगारदाताको संरक्षण गर्नु ।

### १.३.३ अवसर

- प्रदेशभित्रको मात्र भूगोल र जनसांखिक वनौटको अध्ययन तथा विश्लेषण गरी श्रम तथा रोजगारसम्वन्धी योजना तथा कार्यक्रम तय गर्ने सुविधा भएकोले सहजता छ ।
- प्रदेशको श्रम तथा रोजगार सम्वद्ध वातावरणिय, पर्यावरणिय, सामाजिक, आर्थिक तथा प्रविधिक पक्षको विश्लेषण गर्न सकिन्छ ।
- प्रदेशभित्रका स्थानीय तह, अन्तरप्रदेश र संघीय समन्वयमा सहजता छ ।
- नागरिक तथा सरोकारवाला संगको सन्निकटताले गर्दा अन्तरङ्ग छलफल र अन्तरक्रियाको अवसर रहेको छ ।

## १.४ नीति निर्माणको आवश्यकता पहिचान

श्रम तथा रोजगारीका क्षेत्रमा उपरोक्त समस्या तथा चुनौतिहरुलाई यथोचित सम्वोधन गर्दै प्रदेशमा निम्न बमोजिम श्रम तथा रोजगारलाई व्यवस्थित गर्न श्रम तथा रोजगारन नीति आवश्यक भएको छ-

- नेपालको संविधानले नागरिकलाई प्रदत्त गरेको रोजगारी तथा श्रम सम्बन्धी हकको सम्बर्द्धन गर्न,
- "समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश" को लक्ष्य पूरा गर्ने सम्बन्धमा रोजगारका अवसर विस्तार गर्न,
- प्रदेशका सबै नागरिकलाई रोजगारीको सुनिश्चितताका लागि रोजगारमूलक लगानीका क्षेत्रहरु पहिचान गरी त्यसतर्फ जनशक्ति परिचालन गर्न,
- श्रमिकको माग र आपूर्तिबीच सामाञ्जस्यता कायम गर्न तथा श्रमप्रतिको सम्मान जगाउन,
- तीन तहका सरकारहरूबीच नीतिगत कार्यक्रमगत समन्वय कायम गर्न,
- प्रदेशको श्रम, रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी कार्य सम्पादन गर्न नीतिगत मार्गदर्शन गर्न।

## १.५ विधि

नीति तर्जुमामा मूलत देहायका विधि र चरण अवलम्वन गरिएको छ ।

- नेपालको संविधान, श्रम तथा रोजगारसंग सम्वन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, अभिसन्धी र ईच्छाधिन आलेख, संघीय तथा अन्य प्रदेश सरकारका नीति लगायतका दस्तावेजलाई सन्दर्भ सामग्रीका रुपमा उपयोग गरिएको छ ।
- सरोकारवालासंगको छलफल तथा अन्तरक्रियावाट प्राप्त सुझावहरु समेटिएको छ ।
- प्रारम्भिक मस्यौदालाई मन्त्रालयको वेवसाईटमा प्रकाशन गरी राय सुझाव लिई नीतिमा समेटिएको छ ।

## १.६ परिभाषा

यस नीतिको नाम “श्रम तथा रोजगार नीति, २०८०” रहेको छ र यसमा मूलतः लुम्विनी प्रदेश सरकारले श्रम तथा रोजगारको क्षेत्रमा तय गर्ने श्रम तथा श्रम सम्वन्धका बिषय, दिगो रोजगारी सृजनाका बिषय, स्वरोजगारीका विषय र मर्यादित श्रमसंग सम्वन्धित आधार, विधि र प्रक्रिया समेटिएको छ ।

# २ नीति-मार्गदर्शन

नीति कार्यान्वयन मार्गदर्शनका रुपमा आवधिक योजना, बार्षिक विकास कार्यक्रम र बिषयगत कानूनहरु रहनेछन् ।

## २.१ नीति निर्माणका मार्गदर्शक सिद्धान्त तथा आधारहरु

- नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हकको सुनिश्चितता गरेको छ। साथै, रोजगारी छनौट गर्न पाउने हकको समेत व्यवस्था गरेको छ। त्यसैगरी, धारा ३४ मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक दिएको छ। साथै, सोही धाराले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाका साथै कानून बमोजिम ट्रेड युनियन खोल्ने, सामूहिक सौदाबाजी गर्न पाउने हकको व्यवस्था गरेको छ। धारा ५१ मा राज्यका नीतिहरुको खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति अन्तर्गत स्वदेशमा नै रोजगारी अभिबृद्धि गर्ने, मर्यादित श्रमको सुनिश्चितता र सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने, व्यवस्थापनमा श्रमिकको सहभागिता बढाउने, बैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने तथा बैदेशिक रोजगारबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने लगायतका विषय उल्लेख छ ।
- संयुक्त राष्ट्र संघ (UNO), अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) तथा अन्य अन्तर्राष्ट्रिय संगठनसंग नेपाल पक्ष भई गरिएका सन्धि, सम्झौता, अभिसन्धी तथा ईच्छाधिन आलेखले सृजना गरेका श्रम तथा रोजगारीका दायित्वलाई आन्तरिकीकरण हुनेगरी नीति तथा कानून तर्जुमा गर्नुपर्ने हुन्छ ।
- संयुक्त राष्ट्र संघको दिगो विकासको लक्ष्यको बुँदा नं. ८ मा भरपर्दो, समावेशी र दिगो आर्थिक बृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको पर्वर्द्धन गर्नेगरी लक्ष्य निर्धारण भएको छ। संविधानमा भएको उक्त व्यवस्था तथा दिगो विकासको लक्ष्य प्राप्तिका लागि संवैधानिक अधिकारको सीमाभित्र रही प्रदेश तहबाट कार्यान्वयन गर्नका लागि समेत प्रदेशले श्रम तथा रोजगार नीति बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ।

## २.२ दूरदृष्टि (Vision)

"मर्यादित श्रम, उत्पादनशील रोजगार : समृद्ध प्रदेश

## २.३ लक्ष्य (Goal)

उत्पदनशील रोजगारीको विस्तार र लगानीमैत्री वातावरण सृजना गर्दै श्रमको अधिकतम उपयोग गर्ने।

## २.४ उद्देश्य (Objectives)

नीतिको उद्देश्य प्रदेशमा उत्पादनशील रोजगारीको विस्तार र लगानीमैत्री वातावरण सृजना गर्दै श्रमलाई मर्यादित तथा सम्मानित हुने महशुस गराउदै शक्तिको अधिकतम उपयोग गरी प्रदेशलाई संमृद्धिको मार्गमा लैजानु हुनेछ ।

# ३ नीति-मार्गदर्शनका प्रमुख अंग

नीति मार्गदर्शनका प्रमुख अंगहरु देहाय बमोजिम रहेका छन् ।

## ३.१ नीति प्रावधान (Policy Statement)

३.१.१ उत्पादनशील, मर्यादित र सुरक्षित रोजगारीका अवसर सिर्जना गर्ने।

३.१.२ श्रम बजारका माग अनुसार दक्ष, सीपयुक्त र प्रतिष्पर्धी जनशक्तिको विकास गर्ने।

३.१.३ स्वदेशी तथा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने।

३.१.४ असल श्रम सम्बन्धको विकास गरी रोजगारमूलक लगानीलाई प्रबर्द्धन गर्ने।

३.१.५ रोजगार प्रबर्द्धनका लागि नीति र संस्थागत संरचनाबीच समन्वय र सामञ्जस्यता कायम गरी एकीकृत रोजगारी सिर्जनातर्फ केन्द्रित गराउने।

३.१.६ अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको रोजगारीमा रूपान्तरण गर्ने।

३.१.७ बालश्रम तथा बाध्यकारी श्रमको अन्त्य गर्ने।

## ३.२ रणनीति (Strategy)

३.२.१ प्रदेशमै स्वरोजगारी सिर्जना गर्न उद्यमशीलताको विकास गर्ने,

३.२.२ श्रम बजारको माग अनुसार दक्ष र सीपयुक्त जनशक्ति विकास गरी रोजगार एवं स्वरोजगारका सम्भावनाहरु बृद्धि गर्ने।

३.२.३ बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उच्च प्रतिफलयुक्त बनाउन सीपयुक्त जनशक्ति निर्माण तथा प्राप्त विप्रेषणलाई उत्पादन क्षेत्रमा प्रयोग गर्ने वातावरण तयार गर्न समन्वय गर्ने।

३.२.४ बैदेशिक रोजगारबाट सिकेको सीप तथा ज्ञानलाई स्वदेशमै प्रयोग गरी स्थानीयस्तरमै रोजगार सिर्जना गर्ने।

३.२.५ श्रम बजारमा तुलनात्मक लाभ हुने रोजगारका अवसरहरुको पहिचान र प्रवर्द्धन गर्ने।

३.२.६ सुमधुर श्रम सम्बन्धको स्थापनाका साथै व्यवसायजन्य स्वास्थ्य र सुरक्षा प्रवर्द्धन गर्ने,

३.२.७ रोजगारमूलक लगानीको प्रबर्द्धनका लागि सुमधुर श्रम सम्बन्धको विकास गर्न आवश्यक कानूनी एवम् संरचनागत व्यवस्था मिलाउने।

३.२.८ प्रदेशमा विद्यमान अनौपचारिक क्षेत्रको रोजगारीको तथ्याङ्क संकलन तथा अभिलेखीकरण गरी औपचारिक क्षेत्रको रोजगारीमा रूपान्तरण गर्न सीप परीक्षण गर्ने।

३.२.९ स्थानीय तहहरुसँगको सहकार्यमा जीवन निर्वाह हुने वातावरण सिर्जना गरी बालश्रम तथा बाध्यकारी श्रम अभ्यासलाई उन्मूलन गर्ने। साथै, रोजगारीमा महिला तथा सीमान्तकृत वर्गको समान पहुँच बढाइने।

## ३.३ कार्यनीति (Working policy)

***३.३.१ नीति प्रावधान (१) सँग सम्बन्धित रणनीति (१): "प्रदेशमै स्वरोजगारी सिर्जना गर्न उद्यमशीलताको विकास गर्ने" संग सम्वन्धित कार्यनीतिहरु:***

- स्थानीय श्रोत, सीप र श्रममा आधारित उद्योग स्थापना तथा सञ्चालनलाई प्रोत्साहन गर्ने तथा स्थानीय उत्पादनको निर्यातमा जोड दिइनेछ।
- स्थानीय तहका रोजगार सूचना केन्द्रहरूलाई सुदृढ गराई स्थानीय स्तरमा रोजगारसम्बन्धी कार्यलाई एकिकृतढंगबाट सम्पादन गर्न आवश्यक समन्वय गरिने छ।
- नेपाल सरकारले सञ्चालन गरेका कार्यक्रमसँग दोहोरोपना नहुनेगरी स्थानीय तहको सहकार्यमा कम्तिमा १०० दिन रोजगारीको सुनिश्चितता गर्न "लुम्बिनी प्रादेशिक रोजगार योजना" सञ्चालन गरिनेछ।
- बजारको माग र रोजगारका लागि इच्छुकहरूका बीच सम्बन्ध स्थापना गर्न उद्योग वाणीज्यमहासंसंघ र स्थानीय तहसमेतको सहकार्यमा रोजगार मेलाहरूको आयोजना गरिने छ,
- पचास जनाभन्दा बढी रोजगार प्रदान गर्ने गरी उद्योग व्यवसाय स्थापना वा विस्तार गर्न चाहने उद्यम व्यवसायलाई विशेष सुविधाहरू प्रदान गरिने छ,
- रोजगार सूचना प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ।
- रोजगार प्रवर्द्धन सम्बन्धी कार्य गर्न अन्तर निकाय समन्वय कायम गरिने छ।
- बेरोजगारलाई रोजगार: साथमा छ प्रदेश सरकार भन्ने नाराका साथ गरिखाने कार्यक्रम सञ्चालन गरिनेछ।

***३.३.२ नीति प्रावधान (२) सँग सम्बन्धित रणनीति (२): "श्रम बजारको माग अनुसार दक्ष र सीपयुक्त जनशक्ति विकास गरी रोजगार एवं स्वरोजगारका सम्भावनाहरु बृद्धि गर्ने" संग सम्वन्धित कार्यनीतिहरु:***

- प्रदेशभित्र उपलब्ध रोजगारका अवसर तथा सम्भावनाहरुको अध्ययन गरी सो अनुसारको कार्य योजना बनाई रोजगार प्रवर्द्धन गरिनेछ।
- श्रम बजारका सम्भावना अनुसार अनुकूल दक्ष र प्रतिष्पर्धी जनशक्ति तयार गरी रोजगारीबाट प्राप्त हुने लाभलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न प्रेरित गरिनेछ।

- लुम्बिनी लगायतका वौद्ध संस्कृतिमा आधारित पर्यटकीय उपजको विस्तार गरी रोजगारी र स्वरोजगारका अवसर विस्तार गरिने छ,
- थारू, मगर, कुमाल लगायतका जातजात संस्कृतिमा आधारित पेशा तथा रैथाने उत्पादनको आधुनिकीकरण गरी रोजगारीका अवसरहरू विस्तार गरिने छ,
- सार्वजनिक, निजी तथा साझेदार संस्थाहरुको भूमिकालाई प्रभावकारी बनाई अत्यावश्यक श्रम बजारको खोजी र प्रबर्द्धन गरिनेछ।
- प्रदेशभित्रका श्रमशक्तिको उपयोगलाई प्राथमिकता दिइनेछ।
- रोजगार पोर्टल स्थापना गरी रोजगार विनियम सेवाको व्यवस्था गरिनेछ।

***३.३.३ नीति प्रावधान (३) सँग सम्बन्धित रणनीति (३): "बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उच्च प्रतिफलयुक्त बनाउन सीपयुक्त जनशक्ति निर्माण तथा प्राप्त विप्रेषणलाई उत्पादन क्षेत्रमा प्रयोग गर्ने वातावरण तयार गर्न समन्वय गर्ने" संग सम्वन्धित कार्यनीतिहरुः***

- बैदेशिक रोजगारीबाट फर्केका कामदारहरु (Returnee Migrants) को तथ्याङ्क संकलन गरी उनीहरुको सीपको स्वदेशमै उपयोग गर्ने व्यवस्था मिलाउन कानूनी तथा व्यवस्थापकीय प्रबन्ध गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्केका यूवाहरूलाई लक्षित सीप तथा उद्यम विकास सम्बन्धी संस्थागत सहजीकरण गरिने छ,
- बैदेशिक रोजगारीबाट सिकेको ज्ञान र सीपलाई क्षेत्रगत हिसाबमा वर्गीकरण गरेर सीप परीक्षण गराई प्रदेशभित्रै त्यस्ता व्यवसाय गर्न आवश्यक सहयोगको व्यवस्था गरिनेछ।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको पुनःस्थापना र पुनःएकीकरण गरी उनीहरूको ज्ञान र सीपलाई उपयोग हुने गरी उद्यमशीलता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पारिवारीक पुनर्एकीकरण आदि कार्यहरूमा सहजिकरण सूचना केन्द्रबाट गरिनेछ,
- बैदेशिक रोजगारीका नाममा असुरक्षित तथा अनियमित रोजगारीमा भर पर्नुपर्ने स्थितिलाई निवारण गर्न स्थानीय तहमै रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गरिनेछ।
- बैदेशिक रोजगारीका लागि आवश्यक पर्ने सीप लिई मात्र वैदेशिक रोजगारीमा जान उत्प्रेरणा जगाउन आवश्यक तालिम तथा सचेतना कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- विप्रेषणले आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव पारे तापनि यसले मनोसामाजिक रुपमा पारेको प्रभावलाई व्यवस्थापन गर्न मनोसामाजिक परामर्श कक्षाहरु सञ्चालन गरिनेछ।
- बैदेशिक रोजगारमा गई समस्यामा परेका कामदारको उद्दार, मृतक कामदारका हकवालालाई आर्थिक सहायता, अशक्त अपांगलाई उपचार खर्च र पुनःस्थापना जस्ता सेवाहरु प्रदान गर्नका लागि वैदेशिक रोजगार बोर्डसँग समन्वय गरिनेछ।

***३.३.४ नीति प्रवधान (३) सँग सम्बन्धित रणनीति (४): "बैदेशिक रोजगारबाट सिकेको सीप तथा ज्ञानलाई स्वदेशमै प्रयोग गरी स्थानीयस्तरमै रोजगार सिर्जना गर्ने"संग सम्वन्धित कार्यनीतिहरु:***

- स्थानीय तहसमेतको सहकार्यमा वैदेशिक रोजगार सूचनाकेन्द्रहरूको विस्तार र सुदृढीकरण गरी वैदेशिक रोजगार बाट फर्किएका कामदारहरूलाई वित्तीय साक्षरता, मनोसामाजिक परामर्श, पुनःएकीकरण लगायतका सहयोगहरू प्रदान गरिनेछ।
- बैदेशिक रोजगारीबाट फर्केका तथा स्थानीय तहमा उद्यम गर्न चाहने युवाहरुलाई वित्तीय सेवामा पहुँच पुऱ्याउन आवश्यक सहजीकरण प्रदान गरिनेछ।
- वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEMIS) र स्थानीय तहहरुसंगको सहकार्यमा विभिन्न मुलुकमा बैदेशिक रोजगारीमा जाने नागरिकहरुको प्रादेशिक अभिलेख राखिने छ,
- प्रदेशको लगानीमा सवै जिल्ला प्रशासन कार्यालयहरूमा वैदेशिक रोजगार सूचना केन्द्र (आप्रवासी स्रोत केन्द्र) को विस्तार गरी वैदेशिक राजगारमा जान चाहनेलाई आधारभूत जानकारी र परामर्श प्रदान गरिने छ।
- बैदेशिक रोजगारीका नाममा हुने ठगी तथा मानव बेचबिखनलाई न्यूनीकरण गर्न प्रदेशस्तरमा गुनासो सुन्ने इकाईको व्यवस्था गरी पीडकलाई कानूनी कारवाही र पीडितलाई न्याय प्रदान गर्न आवश्यक सहजीकरण गर्ने प्रबन्ध मिलाइनेछ।
- बैदेशिक रोजगारीमा प्रस्थान गर्नुपूर्व लाभ, लागत, जोखिम र सचेतनाजस्ता विषयहरु प्रत्येक स्थानीय तहसँग समन्वय र सहकार्यमा अभिमुखीकरण गर्ने व्यवस्था मिलाइनेछ।
- बैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि श्रम स्वीकृति स्थानीय तहमार्फत हुने व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक पर्ने स्रोत र साधनका लागि प्रदेशबाट सहजीकरण तथा समन्वय गरिनेछ।
- बैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई उत्पादनशील कार्यमा लगाउन स्थानीय तहको सहकार्यमा वित्तीय साक्षरता कक्षाहरु सञ्चालन गरिनेछ।

***३.३.५ नीति प्रावधान (४) सँग सम्बन्धित रणनीति (५): "श्रम बजारमा तुलनात्मक लाभ हुने रोजगारका अवसरहरुको पहिचान र प्रवर्द्धन गर्ने "संग सम्वन्धित कार्यनीतिहरु:***

- श्रमिकहरुको प्रतिष्ठा स्थापित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरुलाई समेत मध्यनजर गरी मर्यादित श्रम (Decent Work) का मापदण्डहरु निर्धारण गरी लागू गरिनेछ।
- श्रमिकहरुको हित प्रवर्द्धन, गुनासो व्यवस्थापन, औद्योगिक प्रतिष्ठानहरुको नियमित अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्न, त्रिपक्षीय र द्विपक्षीय परामर्श तथा वार्ताका लागि सहजीकरण गरिनेछ।
- श्रम कार्यालयहरूको क्षमता विस्तार गरी अनुगमन र नियमन क्षमता सुदृढ गरिने छ।
- योगदानमा आधारित सामाजिक सुरक्षा योजना र स्वास्थ्य बीमा कार्यक्रममा सबै श्रमिक तथा स्वरोजगारहरु संलग्न हुने वातावरण तयार गरिनेछ।

- इजाजतप्राप्त निरीक्षकहरूबाट कारखानाहरूमा व्यवसायजन्य सुरक्षा सम्बन्धी परीक्षणको व्यवस्था मिलाइने छ।
- स्थानीय तहसंगको सहकार्यमा औधोगिक ग्रामहरुको स्थापना र विस्तार गरी स्थानीयस्तरमा रोजगार प्रवर्द्धन गरिने छ,
- कृषि क्षेत्रमा रोजगार प्रवर्द्धन गर्न भूमिहीन किसानहरुका लागि निजी, सार्वजनिक तथा वन क्षेत्रमा समेत कृषि तथा वनजन्य (Agro-Forestry) उच्च मूल्ययुक्त बस्तु उत्पादनका लागि करार खेती (Lease Farming), सहकारी खेती तथा सामूहिक खेती प्रणालीको व्यवस्था मिलाइनेछ।

***३.३.६ नीति प्रावधान (४) सँग सम्बन्धित रणनीति (६): "सुमधुर श्रम सम्बन्धको स्थापनाका साथै व्यवसायजन्य स्वास्थ्य र सुरक्षा प्रवर्द्धन गर्ने"संग सम्वन्धित कार्यनीतिहरुः***

- प्रदेश सरकार, रोजगारदाता र श्रमिकबीचको सहकार्यलाई प्रवर्द्धन गरी सुमधुर औद्योगिक सम्बन्धको विकास गरिनेछ।
- सार्वजनिक सेवामा रहेका तर कर्मचारी सञ्चयकोषमा आवद्ध नहुने राष्ट्रसेवक कर्मचारीहरूलाई स्थानीय तह समेतको सहकार्यमा सामाजिक सुरक्षाकोषमा आवद्ध गर्न प्रोत्साहित गरिने छ,
- कार्यस्थलमा हुने जोखिम, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य जोखिम सम्बन्धी अध्ययन गरिनुका साथै कार्यविधि र मापदण्ड बनाई लागू गरिनेछ।
- प्रदेश सरकारको सेवामा आवद्ध करारका कर्मचारीहरूलाई समाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ,
- ट्रेड युनियन खोल्ने तथा सामूहिक सौदाबाजी जस्ताश्रमिक अधिकारको अभ्यासलाई व्यवस्थित गरिनेछ।
- निर्माण, उद्योग तथा प्रतिष्ठानहरूमा श्रमिकको भौतिक तथा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका लागि मापदण्डहरू तयार गरी कार्यान्वयन गरिने छ।

***३.३.७ नीति प्रावधान (५) सँग सम्बन्धित रणनीति (७): रोजगारमूलक लगानीको प्रबर्द्धनका लागि सुमधुर श्रम सम्बन्धको विकास गर्न आवश्यक कानूनी एवम् संरचनागत व्यवस्था मिलाउने"संग सम्वन्धित कार्यनीतिहरुः***

- प्रदेशमा उपलब्ध जनशक्तिबारे विस्तृत अध्ययन गरी प्रदेशका लागि आवश्यक मानवसंशाधन योजना तयार गरिनेछ।
- व्यवसायिक शिक्षालाई प्राविधिक र व्यावसायिक बनाउदै लैजानुका साथै मध्यम र उच्चस्तरका जनशक्ति तयार गर्न सम्बन्धित विषयक्षेत्र विकास गर्न उच्च शिक्षालय स्थापना एवं बिस्तार गरिनेछ।
- बेरोजगार, विपन्न, युवा तथा महिला, सीमान्तकृत तथा अल्पसंख्यक समुदाय, पिछडिएको वर्ग/समुदाय, द्वन्द्वपीडित हरुलाई उद्यमशीलता तथा रोजगारमूलक तालिम प्रदान गरिनेछ।

- हाल स्थापना भएका प्राविधिक शिक्षालयहरुको स्तरोन्नति तथा सुदृढीकरण गर्नुका साथै थप प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रको स्थापना गरिनेछ।
- औद्योगिक क्षेत्रहरूसँगै प्राविधिक शिक्षालय/औद्योगिक पाठशालाहरूको विकास गरी उद्योगका लागि आवश्यक आधारभूत र मध्यमस्तरको जनशक्तिको उत्पादन गरिनेछ ।
- व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमको पाठ्यक्रमलाई बजारको मागसँग आबद्ध गरिनेछ।
- लक्षित वर्गका लागि उच्च तहको प्राविधिक शिक्षा प्रदान गर्न छात्रवृत्ति, शैक्षिक कर्जा तथा अन्य सुविधा र सहायता प्रदान गरिनेछ।
- सूचना सङ्कलनका लागि प्रदेशस्तरमा "रोजगार सूचना पोर्टल" तयार गरिनेछ।
- स्थानीयस्तरमा रोजगार सिर्जना गर्नसक्ने उद्योग व्यवसायलाई स्तरबृद्धि गर्नका लागि आवश्यक सहयोग गरिनेछ।
- उच्च मूल्य प्राप्त गर्ने प्राङ्गारिक खेती (High Value Organic Farming), औषधिजन्य जडीबुटी तथा पर्या-पर्यटन (Eco-Tourism) मार्फत हरित रोजगारी (Green Job) सिर्जनाका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट लगानी जुटाउन लगानी सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ।
- कृषिमा सुलभ कर्जा, सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम, युवाविशेष प्रोत्साहन कार्यक्रम, प्रतिफलमा आधारित अनुदान कार्यक्रम लक्षित वर्गमा पुग्नेगरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

***३.३.८ नीति प्रावधान (६) सँग सम्बन्धित रणनीति (८): "प्रदेशमा विद्यमान अनौपचारिक क्षेत्रको रोजगारीको तथ्याङ्क संकलन तथा अभिलेखीकरण गरी औपचारिक क्षेत्रको रोजगारीमा रूपान्तरण गर्न सीप परीक्षण गर्ने"संग सम्वन्धित कार्यनीतिहरुः***

- अनौपचारिक शिक्षा, उद्यमशीलता, सीप र क्षमता विकास तथा पुनर्ताजगी तालिम र सीपको परीक्षण गर्ने व्यवस्था मिलाई अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको रोजगारीमा रुपान्तरण गरिनेछ।
- परम्परागत सीप र पेशाव्यवसायलाई सहकारीमा आवद्ध गराई व्यवसायमुखी बनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- अनौपचारिक तथा परम्परागत श्रम, सीप र ज्ञानमा आधारित पेशा व्यवसायको स्थापना, परामर्श, सूचना, व्यवस्थापन, वित्तीय सेवाको पहुँच तथा सामाजिक सुरक्षामा आवद्ध गर्न विशेष व्यवस्था गरिनेछ।
- उपभोक्ता समितिबाट गराइने विकास निर्माणका कार्यमा स्थानीय बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिई रोजगारीमा संलग्न गराइनेछ।
- क्षमता अभिबृद्धि र रोजगार बैंकमार्फत प्राथमिकताका आधारमा क्रमशः रोजगारी सिर्जनाको प्रबन्ध गरिनेछ,

- प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रादेशिक रोजगार कार्यक्रम लगायत रोजगारमूलक कार्यक्रमहरूमा रोजगारीका साथसाथ सीपसिकाईको अवसरको रूपमा समेत विस्तार गरिनेछ,
- रोजगारका लागि इच्छुकहरूलाई उद्योग व्यवसायमा आवद्ध गरी कमाउदै सिक्दै गर्ने अवसर प्रदान गरिनेछ,
- प्रदेशको पूँजीगत खर्चलाई रोजगारी सिर्जनासँग आवद्ध गरी अनौपचारीक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गरिनेछ।
- लामो समयसम्म निर्माण क्षेत्रमा कार्यरत रही अनुभव हासिल गरेका श्रमिकहरुलाई सरकारी क्षेत्रबाट सञ्चालन हुने आयोजनामा सुपरीवेक्षकको रुपमा विकास गरी अनुभवलाई हस्तान्तरण गरिने व्यवस्था मिलाइनेछ। यसबाट अनौपचारिक क्षेत्रका श्रमिक क्रमशः औपचारिक क्षेत्रमा परिणत हुनेछ।

***३.३.९ नीति प्रावधान (७) सँग सम्बन्धित रणनीति (९): "स्थानीय तहहरुसँगको सहकार्यमा जीवन निर्वाह हुने वातावरण सिर्जना गरी बालश्रम तथा बाध्यकारी श्रम अभ्यासलाई उन्मूलन गर्ने। साथै, रोजगारीमा महिला तथा सीमान्तकृत वर्गको समान पहुँच बढाइने" संग सम्वन्धित कार्यनीतिहरुः***

- बालश्रमको अवस्थाबारे अध्ययन एवम् पहिचान गरी बालश्रम उन्मूलनका लागि तीनै तहका सरकारसँग सहकार्य गरिनेछ।
- बालश्रमिकका रुपमा काममा लगाइएका बालबालिकाहरुको पहिचान, उद्धार, व्यवस्थापन र पुनःस्थापनाको कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- समान कामका लागि समान ज्याला र अवसर प्रदान गर्ने कानूनी व्यवस्थाको प्रभावकारी नियमन गरिने छ,
- बाध्यकारी श्रमलाई उन्मूलन गर्नका लागि सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी सचेतनामूलक, प्रबर्द्धनात्मक र प्रतिकार्यात्मक कार्यक्रम तय गरी अभियानका रुपमा सञ्चालन गरिनेछ।
- विपन्न, दलित, हिंसापीडित, महिला, दलित, कम्हलरी, हरुवाचरुवा, सीमान्तकृत वर्ग र समुदायहरुको लागि सीप तथा क्षमता अभिबृद्धि, प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- कार्यस्थलमा हुने लैंगिक हिंसा र जातीय विभेदलाई कानूनको दायरामा ल्याइनेछ। गर्भवती तथा सुत्केरी महिला श्रमिकका हकमा पारिश्रमिक र सुविधामा कटौती नगरी विदा पाउने व्यवस्था मिलाइनेछ।

## ४ नीति कार्यान्वयनका आधार

श्रम तथा रोजगार सम्बन्धी नीतिको कार्यान्वयन गर्नु सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायहरु, स्थानीय तह, निजी क्षेत्रका सरोकारवाला तथा विभिन्न संघसंस्थाहरुको जिम्मेवारी रहनेछ।

### ४.१ संस्थागत संरचना र जनशक्ति

स्थानीयस्तरमा पूर्वाधार निर्माण तथा अन्य विभिन्न रोजगारमूलक कार्यमार्फत रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउन संस्थागत व्यवस्था गरिनेछ।

### ४.२ वित्तिय स्रोत व्यवस्थापन

नीति कार्यान्वयनका लागि नेपाल सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त बजेट, निजी क्षेत्र र विकास साझेदारबाट सहयोग स्वरुप प्राप्त हुने रकम प्रयोग गरिनेछ।

### ४.३ भौतिक पूर्वाधार, उपकरण तथा प्रविधि

नीति कार्यान्वयनका लागि आवस्यक भौतिक पूर्वाधार, उपकरण तथा प्रविधिमा लगानी क्रमशः बढाउदै लगिनेछ । औद्योगिक पूर्वाधार, बिषेश आर्थिक क्षेत्र, श्रमसंग सम्वन्धित उपकरण, सूचना प्रविधि, अत्याधुनिक प्रविधि, नवप्रवर्तन लगायतका बिषयलाई नीति प्रावधान कार्यान्वयनको प्रमुख अवयवको रुपमा उपयोग गरिनेछ ।

### ४.४ कानूनी व्यवस्था

नीति कार्यान्वयनको लागि संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही प्रदेशस्तरीय कानून तर्जुमा गरी लागू गरिनेछ।

### ४.५ अन्तरनीति समन्वय

श्रम तथा रोजगारसंग प्रत्यक्ष र परोक्ष रुपमा सम्वन्ध भएका अन्य नीतिहरु तथा संघीय सरकारका, अन्य प्रदेशका बिषय मिल्दो नीतिहरु र प्रदेशभित्रका स्थानीय तहहरुका सम्वन्धित नीतिहरुसंग उचित एवम् उपयुक्त ढंगको सामिप्ता तथा समन्वयात्मक सम्वन्ध कायम गरिनेछ ।

### ४.६ अन्तरमन्त्रालय समन्वय

सरकारी मान्यता प्राप्त प्रदेशस्तरका प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक संस्थासँग सहकार्य गरी तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ। सो कार्यका लागि मन्त्रालयगत समन्वय कायम गर्न तथा नीति कार्यान्वयनका लागि निम्न बमोजिमको कार्यान्वयन तथा परिचालन समिति रहनेछ।

क) संयोजक - उद्योग तथा यातायात व्यवस्था मन्त्रालयको श्रम हेर्ने महाशाखा प्रमुख

ख) सदस्य - प्रदेश योजना अयोगको श्रम तथा रोजगार हेर्ने प्रतिनिधि

ग) सदस्य - आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधि

घ) सदस्य - मन्त्रालयले तोकेको प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक संस्थाका प्रतिनिधि

ङ) सदस्य सचिव -उद्योग तथा यातायात व्यवस्था मन्त्रालयको श्रम तथा रोजगार शाखा हेर्ने अधिकृत

### ४.७ जोखिम व्यवस्थापन

नीति योजना निर्माण तथा कार्यान्वयन आफैमा जोखिमयुक्त कार्य नै हो। नीति कार्यान्वयनका सम्बन्धमा जोखिमको आँकलन गरी सोको न्यूनीकरणका उपायहरुको अवलम्बन गर्नु जरुरी हुन्छ। नीति कार्यान्वयनमा आंकलन गरिएका जोखिम तथा न्यूनीकरणका उपायहरु देहाय बमोजिम हुनेछन् ।

#### ४.७.१ जोखिमहरु

- अधिकार क्षेत्रको बाँडफाँड तथा साझा अधिकार सूचीमा भएका विषयहरुको समयमा कानून निर्माण नहुदा कार्यान्वयन नहुदा नीति कार्यान्वयनमा समस्या उत्पन्न हुनसक्छ।
- संविधान तथा प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार श्रम तथा रोजगार क्षेत्रको कार्यजिम्मेवारी तथा संरचना हस्तान्तरण नभएमा नीति कार्यान्वयनमा बाधा पर्ने हुन्छ,
- नीतिमा तीनै तहका सरकारको भूमिका अपेक्षित छ। संघ, प्रदेश र स्थानीय तह तीनै सरकारको सह-अस्तित्व, सहकार्य र समन्वय तथा सरोकारवाला निकायसँग समन्वय र सहजीकरण हुन नसकेमा समस्या उत्पन्न हुन
- श्रम तथा रोजगार नीति, प्रदेश आवधिकध योजना, मध्यमकालिन खर्च संरचना र वार्षिक बजेट बीच तादात्म्यता कायम हुन नसकेमा हुन नसकेमा कार्यान्वयनमा चुनौती खडा हुन सक्छ।
- राजनैतिक संस्कार तथा सामाजिक मनोबृत्ति, विपद्जन्य प्रकोप र आर्थिक मन्दीजस्ता विषयले नीति कार्यान्वयनमा बाधा उत्पन्न हुन सक्छ।

#### ४.७.२ जोखिम न्यूनीकरणका उपायहरु

- तीनै तहका सरकारसँग सहकार्य, समन्वय गरी जोखिम न्यूनीकरणको उपाय अवलम्बन गरिनेछ।
- उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयका मन्त्रीको संयोजकत्वमा निकायगत समन्वय, सहयोग र सहजीकरणको पहल गर्न सकिनेछ।
- नीति कार्यान्वयनसँग सम्बन्धित सबै सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया गरी नीतिप्रतिको स्वीकारोक्तिको वातावरण सिर्जना गरिनेछ।
- १नीतिलाई स्थानीय तहसम्मै प्रबोधीकरण गरिनेछ। स्थानीय तहबाट अपेक्षा गरेको सहयोग प्राप्तिका लागि प्रदेश सरकारबाट पहल गरिनेछ।

- नीति कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्थापन सम्बन्धमा निकायगत समन्वय कायम गरिनेछ।

## ५. नीति अनुगमन, समिक्षा तथा पुनरावलोकन

नीतिको कार्यान्वयन पक्षको नियमित र निरन्तर अनुगमन तथा मूल्याङ्कन गरिनेछ । नीतिको आवधिकरुपमा आन्तरिक र तेस्रो पक्षवाट समेत समिक्षा गरिनेछ ।समिक्षा प्रतिवेदनको आधारमा नीतिको पुनरावलोकन गरी नीतिमा परिमार्जन, खारेजी वा नयाँ नीतिको तर्जुमा आवस्यकतानुसार गरिनेछ ।

### ५.१ अनुगमन र मूल्याङ्कन

- प्रदेश सरकारबाट सञ्चालित कार्यक्रमको अनुगमन दफा १० को उपदफा (३) बमोजिमको समितिबाट गरिनेछ। समितिले आवश्यकता अनुसार स्थानीय तह र साझेदार निकाय र विज्ञहरूसमेतलाई सहभागी गराउने सक्नेछ।
- प्रदेशका अन्य क्षेत्रगत नीतिलाई श्रम, रोजगार नीतिसंग तादाम्यता कायम गरिने छ, नीति अनुगमनद्वार क्षेत्रगत नीतिहरूबीच सामाञ्जस्यता सुनिश्चित गरिनेछ।
- नीतिको कार्यान्वयन, कार्ययोजना अनुगमन, मूल्याकंन, परामर्श, निर्देशन र समन्वयका लागि प्रदेशस्तरमा तपसिल बमोजिमको श्रम तथा रोजगार नीति निर्देशन, अनुगमन तथा मूल्याङ्कन समिति रहेनछ।

  क) संयोजक -उद्योग तथा यातायात व्यवस्था मन्त्री

  ख) सदस्य - प्रदेश योजना आयोगका सम्बन्धित सदस्य

  ग) सदस्य - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव

  घ) सदस्य - आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव

  ङ) सदस्य - उद्योग तथा यातायात व्यवस्था मन्त्रालयका सचिव

  च) सदस्य - प्रदेश उद्योग वाणिज्य महासंघका प्रमुख / प्रतिनिधि एकजना

  छ) सदस्य - प्रदेशस्तरका ट्रेड युनियनका प्रमुख/ प्रतिनिधि एकजना

  ज) सदस्य - संयोजकबाट मनोनित प्राविधिक तथा व्यावसायिक तालिमप्रदायक संस्थाका प्रमुखमध्येबाट एकजना

  झ) सदस्यसचिव -उद्योग तथा यातायात व्यवस्था मन्त्रालयको प्रशासन तथा योजना महाशाखा प्रमुख

### ५.२ नीति समिक्षा तथा पुनरावलोकन

- नीतिलाई नीतिको (१) बिषयवस्तु, (२) प्रकृया, (३) कार्यान्वयन, र (४) प्रभाव जस्ता आयामहरुको आधारमा समिक्षा आवधिक रुपमा गरिनेछ ।
- नीति समिक्षाका परिणामको रुपमा नीतिले निरन्तरता पाउने, परिमार्जन गर्नुपर्ने, नीति खारेजी गर्नुपर्ने वा नयाँ नीति तर्जुमा गर्नुपर्ने यकिन गरी प्रत्येक पाँच बर्षमा पुनरावलोकन गरिनेछ।